कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# People's Power Ltd.
# पिपल्स पावर लिमिटेड

People's Power Ltd.

खुर्सानिटार-२, काठमाडौं, फोन नं. ०१-४४३७५४४, ०१-४४३७६११
इमेल : peoplespowerltd@gmail.com, वेवसाइट : www.peoplespower.com.np

## आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाका बासिन्दाहरुकाको निमित्त साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री खुल्ला अवधी थप गरिएको बारेको सूचना

कम्पनीको जारी पूँजी रु.६३,२६,००,०००/- को १०% ले हुने प्रति कित्ता अंकित मूल्य रु. १००/- दरका ६,३२,६०० कित्ता साधारण शेयर मध्ये इलाम जिल्ला इलाम नगरपालिका वडा नं. १ र ४ अति प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि १,८९,७८० कित्ता र इलाम नगरपालिका वडा नं. १ र ४ बाहेकको ईलाम जिल्लाका बासिन्दाहरुका लागि ४,४२,८२० कित्ता शेयर मिति २०७९/०३/०८ गते निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग बमोजिम दरखास्त प्राप्त नभएकाले आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको मागलाई दृष्टिगत गरी यही **मिति २०७९/०४/०५ गते सम्म निष्कासन तथा बिक्री खुल्ला अवधि थप गरिएको** व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराइन्छ ।

**दरखास्त दिनुपर्ने न्यूनतम् कित्ताः १० शेयर    दरखास्त दिन पाउने अधिकतम् कित्ता : ५०,००० शेयर**

| सि.नं. | विवरण पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| क. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेवसाइट : www.prabhucapital.com<br>फोन नं. ०१-४१६९१००, ५९७०२०० |
| ख. | पिपुल्स पावर लिमिटेड, खुर्सानिटार २, काठमाडौं email: peoplespowerltd@gmail.com<br>वेवसाइटः www.peoplespower.com.np |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त फारम बुझाउने स्थानहरुः**

| सि.नं. | नाम र ठेगाना |
|---|---|
| १. | नेपाल बंगलादेश बैंक लिमिटेड, फिक्कल शाखा |
| २. | प्रभु बैक लिमिटेड, सन्दकपुर शाखा, ईलाम शाखा । |
| ३. | ग्लोबल आईएमई बैंक लिमिटेड, ईलाम शाखा, फिक्कल शाखा । |
| ४. | प्राईम कर्मसियल बैंक लिमिटेड, राँके शाखा, मंगलबारे शाखा, बिलौते शाखा, तिन घरे शाखा, ईलाम शाखा । |
| ५. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ । |

**कम्पनीको विगत र आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण**

| सम्पत्ति | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
| प्रति शेयर आम्दानी रु. | (२.२०) | (१.५९) | (०.६९) | (०.४६) | ४.१७ | १०.२४ |
| प्रति शेयर नेटवर्थ रु. | ९५.८० | ९३.३३ | ९४.९६ | ९७.९७ | १०१.१४ | १११.३९ |
| संचित नाफा नोक्सान (रु.दस लाखमा) | (१०.६८) | (१४.०१) | (१६.२५) | (१९.१७) | ७.२३ | ७२.०३ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

**यस विवरणपत्र अनुसार निष्काशन गरिनेसाधारण शेयरकोलागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनुपर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई** "CARE-NP BB (IS) (Double B (Issuer Rating)" **रेटिङ्ग प्राप्त गरेकोछ ।** "CARE-NP BB (IS) (Double B (Issuer Rating)" **ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमता औसत जोखिम** "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" **रहेको जनाउँदछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले** NP AAA (Is) **देखि** CARE-NP D (Is) **सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड** CARE-NP AAA (Is)" **ले सकारात्मक आधार जनाउँछ भने** CARER-NP D (Is)" **ले नकारात्मक आधारहरू जनाउँछ । ईस्युर रेटिङ्ग प्रदान गरेको मिति : २४ मे २०२२ रही मिति २७ अप्रिल २०२३ सम्मको रहेको छ ।**

**प्रति मेगावाट लागत सम्बन्धी विवरण :** कम्पनीले प्रवर्धन गरिरहेको पुवा-२ जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१९,१६,६७,२८८.६७ रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :** पुवा-२ जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०७५/०६/२३ देखि २११०/०६/२२ गते सम्म रहेकोले ३१ वर्ष ५ महिना बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि** (Pay Back Period) **सम्बन्धी विवरण :** आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.०५ बर्ष र Discounted Pay Back Period १४.६६ बर्ष रहेको छ ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७९ जेष्ठ ३१ को "कारोवार राष्ट्रिय दैनिक"**मा प्रकाशित **आह्वान-पत्र** वा निष्कासन कम्पनीको वेभसाईट www.peoplespower.com.np अथवा निष्कासन तथा बिक्री प्रवन्धकको वेभसाइट www.prabhucapital.com हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन बन्द हुने मिति : २०७९/04/05 (बैंकिङ्ग समय सम्म)**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

prabhu CAPITAL

**प्रभु क्यापिटल लिमिटेड**

**कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००**
E-mail: info@prabhucapital.com, Web: www.prabhucapital.com
**(A Subsidiary of Prabhu Bank Ltd.)**

मितिः २०७९/०३/२२ गतेको **कारोबार राष्ट्रिय दैनिक**मा प्रकाशित गरिने ।